आज मिति २०७५ साल आषाढ ६ गते बुधवारका दिन विहान ८ बजे अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो।

उपस्थिती:

| | | | | | |
|---|---|---|---|---|---|
| १ | नगरप्रमुख | श्री | हरिकुमार राना | अध्यक्ष | |
| २ | नगर उपप्रमुख | श्री | कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | वडाध्यक्ष | श्री | गजाधर खतिवडा | सदस्य | |
| ४ | वडाध्यक्ष | श्री | रघुनाथ खनाल | सदस्य | |
| ५ | वडाध्यक्ष | श्री | जीवकुमार भण्डारी | सदस्य | |
| ६ | वडाध्यक्ष | श्री | दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ७ | वडाध्यक्ष | श्री | ध्यानबहादुर भारती | सदस्य | |
| ८ | वडाध्यक्ष | श्री | लोकनाथ गौतम | सदस्य | |
| ९ | वडाध्यक्ष | श्री | नवराम ढुङ्गाना | सदस्य | |
| १० | वडाध्यक्ष | श्री | गोपीचन्द्र गौतम | सदस्य | |
| ११ | वडाध्यक्ष | श्री | पुष्पकुमार प्रसाई | सदस्य | |
| १२ | वडाध्यक्ष | श्री | बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य | |
| १३ | वडाध्यक्ष | श्री | भैरवबहादुर खड्का | सदस्य | |
| १४ | सदस्य | श्री | लक्ष्मी तामाङ्ग | सदस्य | |
| १५ | सदस्य | श्री | हरिमाया भण्डारी | सदस्य | |
| १६ | सदस्य | श्री | शकुन्तला बराल | सदस्य | |
| १७ | सदस्य | श्री | दिलमाया शिवा | सदस्य | |
| १८ | सदस्य | श्री | खिनमान दर्जी | सदस्य | |
| १९ | सदस्य | श्री | रमेशकुमार दर्जी | सदस्य | |
| २० | सदस्य | श्री | दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री | राधाकृष्ण खतिवडा | सदस्य सचिव | |

आमन्त्रित

१. लेखा अधिकृत -श्री मदनकुमार पौडेल -
२. खरिदार -श्री सौजन कट्टुवाल

मिति २०७५/०३/०६ गते बसेको नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरुः

१.श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट आगामी आर्थिक वर्ष ०७५/०७६ का लागि श्रोत अनुमान गरी सिमा निर्धारण गरिएको बजेट रु ४५ करोड ३९ लाख २६ हजार मात्र कायम हुने ।

२.वडा नं ११ वडा समितिबाट सिफारिस भई आए अनुसार आगामी नगर सभाबाट अनुमोदन हुने गरी चालु आ व को ०७४/०७५ का लागि लक्षित वर्गका लागि विनियोजित रकम रु २ लाख मध्ये हाल सम्म खर्च भई बाँकी रहेको रकम रु ६६,५००/- (छैसट्ठी हजार पाँच सय मात्र ) वडा नं. ११ को वडा स्तरीय खानेपानी तथा सरसफाई कोषमा आवश्यक कार्यका लागि संशोधन गरी रकमान्तर गर्ने ।

३.अर्जुनधारा नगरपालिकामा स्वास्थ्य सेवा विस्तारका लागि वडा नं. ११ स्थित श्री नेत्रज्योति संघको नाममा दर्ता रहेको (साबिक शनिश्चरे -६) जमिनमा नाक कान घाँटी र आँखाका लागि हंसनारायण राजवंशी नाक कान घाँटी आँखा अस्पताल निर्माणका लागि श्री स्वास्थ्य मन्त्रालयमा बजेट तथा कार्यक्रम माग गर्ने ।

४.अर्जुनधारा नगरपालिकामा शुद्ध खानेपानीको सेवा विस्तारका लागि अर्जुनधारा शनिश्चरे खानेपानी आयोजनाको पाइपलाईन विस्तार तथा क्षमता वृद्धिका लागि श्री खानेपानी मन्त्रालयमा आवश्यक कार्यक्रम माग गर्ने ।

५. निम्नानुसार आर्थिक सहायता उपलब्ध गराउनेः

-वडा नं. ४,श्री कृष्ण बयलकोटि आर्थिक सहयोग -काजक्रिया ) रु ५ हजार मात्र ।
-वडा नं. ७,श्री     औषधोपचार सहयोग रु ५ हजार मात्र ।
-वडा नं. ८,श्री रामप्रसाद भारती औषधोपचार सहयोग रु ५ हजार मात्र ।

६. वैकल्पिक उर्जा प्रवर्द्धनका लागि कनकाई नगरपालिका,विर्तामोड नगरपालिका तथा अर्जुनधारा नगरपालिकाबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन गरी वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने निर्णयानुसार अध्ययनका लागि लुनिभा ग्रिन इनर्जी डेभलपमेण्ट रिसर्च सेण्टर प्रा लि बाट भएको अध्ययन प्रतिवेदनका लागि नगरपालिकाले भुक्तानी गर्नु पर्ने रु १ लाख ५० हजार भुक्तानी गर्ने ।

७.मिति २०७५ साल असार ७ गते दिउँसो १२: ३० बजे यस नगरपालिकाको दोश्रो नगर सभा समुद्घाटन गरी प्रदेश नं. १ का माननीय मुख्यमन्त्री श्री शेरधन राई ज्यूबाट विशेष सम्बोधनका लागि समुद्घाटन गरी प्रदेश नं. १ का माननीय मुख्यमन्त्री श्री शेरधन राई ज्यूबाट विशेष सम्बोधनका लागि आवश्यक व्यवस्थापन गर्ने ।साथै,सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेको २४ घण्टे सेवा समुद्घाटन गर्ने ।

नगर प्रमुख

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं. प्रदेश, नेपाल